
# मादी गाउँपालिका, कास्की

## तेहौं गाउँसभामा उपाध्यक्षद्वारा

## प्रस्तुत

### आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य




मादी गाउँपालिका

गण्डकी प्रदेश, नेपाल

मिति २०८०/०३/१० गते आइतबार

# उपाध्यक्षद्वारा गाउँसभामा प्रस्तुत बजेट वक्तव्य

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

१. नेपालको संविधान २०७२ मा संवैधानिक व्यवस्था भई स्थापना भएको यस मादी गाउँपालिकाको ऐतिहासिक १३ औं सभाबाट पारित वार्षिक नीति तथा कार्यक्रमलाई सार्थकता दिन तथा गाउँपालिकाको दोस्रो पञ्चवर्षीय आवधिक योजनाले लिएको लक्ष्य तथा उद्देश्य हासिल गर्न गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

२. सर्वप्रथम यस पावन अवसरमा म, राष्ट्र र जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात अज्ञात वीर शहिदहरु प्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धान्जली अपर्ण गर्दछु ।

३. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, संघीय सरकार, गण्डकी प्रदेश सरकार र मादी गाउँपालिकाबाट स्वीकृत विभिन्न ऐन, नियम, कार्यविधि तथा निर्देशिका, मादी गाउँपालिकाको दोस्रो आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन, दिगो विकास लक्ष्य भिजन २१००, मध्यमकालीन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार बनाएको छु । साथै यो बजेट पूर्ण रुपमा कार्यान्वयन गर्न सकेमा गाउँपालिकाले लिएको **<u>समृद्ध मादी सुखी मादीबासी</u>**को दीर्घकालीन लक्ष्य क्रमश हासिल हुदै जानेमा विश्वस्त छु ।

४. विश्व व्यापी रुपमा आएको आर्थिक मन्दीको कारण मुलुकको अर्थतन्त्र समेत अछुतो रहन सकेन । जसको कारण विगत वर्षहरुमा पालिकाले प्राप्त गर्दै आएको समानीकरण अनुदान, सशर्त अनुदान, बाँडफाँड भई प्राप्त हुने राजश्व लगायतका शीषर्कमा प्रप्त हुने प्रक्षेपणमा कटौती भई आएको छ । यस्तो खालको विषम परिस्थितिलाई मध्येनजर गरी आगामी आर्थिक वर्ष २०८०/०८१ को व्यय अनुमान गर्दा आर्थिक मितव्ययिता चालु खर्चको कटौती गरी, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र नागरिकको अपेक्षा पूरा गर्न पूर्वाधार निर्माण गर्ने, उत्पादन र रोजगारी अभिवृद्धि गरी गरिवी निवारण र वेरोजगारी समस्या समाधान हुने गरी गर्ने योजना तथा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

५. आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि बजेट तर्जुमा गर्दा मादी गाउँपालिकाको दोस्रो आवधिक विकास योजना, दिगो विकास लक्ष्य, संघीय सरकार र प्रदेश सरकारसँगका न्युनतम साझा कार्यक्रम, नेपाल सरकार र गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रमलाई बजेट तर्जुमाको मार्गदर्शन बनाएको छु ।

६. मैले यो बजेट तर्जुमा गर्दा संघ र प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तुत गरेको नीति कार्यक्रम तथा बजेट, मादी गाउँपालिकाको नीति कार्यक्रम, स्थानीय सरोकारवाला नागरिक, विभिन्न संघसंस्थाका प्रतिनिधि, राजनितिक दलका प्रतिनिधि, संघीय र प्रदेश माननीयज्यूहरुले दिनु भएको सुझाव र हामीले निर्वाचनमा गरेका प्रतिवद्धता र घोषणालाई आधार बनाएको छु ।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

७. अब, म चालु आर्थिक वर्ष २०७९/०८० को हालसम्मको प्रगति समिक्षा सहित संक्षिप्त वित्तीय प्रगति विवरण प्रस्तुत गर्दछु

- चालु आर्थिक वर्षको बजेट स्वीकृत गर्दा रु. ७१ करोड ९७ लाख ५६ हजार ३ सय ३४ रुपैयाँ ३२ पैसा अनुमान गरिएकोमा हालसम्म आय तर्फ ५९ करोड ९७ लाख ३० हजार १ सय २४ रुपैया ६२ पैसा गाउँपालिकाको संचित कोषमा प्राप्त भएको छ ।
- चालु आर्थिक वर्षमा राजश्व संकलनमा रु. २ करोड २८ लाख ६० हजार प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म रु. १ करोड २६ लाख १२ हजार ८ सय ६६ रुपैयाँ ०३ पैसा (५५ दशमल १७ प्रतिशत) अशुली भएको छ ।
- मुलुकमा रहेको आर्थिक मन्दीको कारण चालु आर्थिक वर्षको लागि संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरण तर्फको समानीकरण अनुदान रु.१ करोड ३३ लाख ३६ हजार ८ सय ७५ रुपैयाँ कम प्राप्त भएको । यसैगरी राजश्व बाँडफाँड तर्फ रु. ३ करोड ११ लाख ३८ हजार ६० रुपैयाँ २३ पैसा प्राप्त हुन बाँकी रहेको ।
- चालु खर्च तर्फ ४४ करोड ०४ लाख ४८ हजार व्यय अनुमान गरिएकोमा हालसम्म रु. ३१ करोड ९० लाख ४७ हजार ५ सय ९४ रुपैयाँ ९३ पैसा व्यय (७२ दशमल ४४ प्रतिशत) खर्च भएको छ ।
- पूँजीगत खर्च तर्फ रु. २७ करोड ९३ लाख ०८ हजार ३ सय ३४ रुपैयाँ ३२ पैसा विनियोजन भएकोमा हालसम्म १० करोड १६ लाख ७७ हजार २ सय ६९ रुपैयाँ ८८ पैसा (३६.४० प्रतिशत) खर्च भएको छ । हाल सम्मको औषत वित्तीय प्रगति ५८ दशमल ४५ प्रतिशत रहेको छ ।
- प्रकोप व्यवस्थापन कोषमा रु. १ करोड ०८ लाख ०२ हजार ७ सय ६८ रुपैयाँ ९० पैसा आम्दानी गरिएकोमा हालसम्म ११ लाख ७१ हजार रुपैयाँ खर्च भएको छ ।
- कर्मचारी कल्याणकोषमा रु. २५ लाख मौज्दात छ भने महिला तथा बाल विकास कोषमा रु. १ लाख रुपैयाँ संचित रहेको छ ।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

८. मादी गाउँपालिकाको अवसर र चुनौतीहरु प्रस्तुत गर्दछु ।

**अवसरहरु :**

- संघीय सरकार र प्रदेश सरकारको वित्तीय हस्तान्तरण सहित आन्तरिक स्रोत छ ।
- संविधानले अनुसूची ८ र ९ अनुसार धेरै अधिकार दिएको छ ।
- जोस जागर सहितको पदाधिकारी कर्मचारी छन् ।

- सूचना प्रविधि सहित स्थलगत क्षमता विकास हुँदै गएको छ ।
- नागरिकको साथ सहयोग हौसला र उर्जा रहेको छ ।
- उपभोक्ता, निर्माण व्यवसायी, सरकारी तथा गैह्र सरकारी संघ संस्थाको साझेदारी छ ।
- प्रदेश राजधानी निकटको भुगोल छ ।

**चुनौती**

- कठिन भुगोल सहित छरिएर रहेको बस्ती छ ।
- कमजोर शिक्षा स्वास्थ्य मानव संशाधन विकास छ ।
- बढ्दो बसाइसराई, युवा पलायन, गरिवी र वेरोजगारी छ ।
- कमजोर संस्थागत क्षमता र परम्परागत प्रशासनीक शैलि तथा संगठन संरचना
- परम्परागत कृषि प्रणाली परम्परागत पेशा व्यवसाय ।
- परम्परागत सोंच, शैली, व्यवाहर, मनोभावना आदि रहेका छन् ।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

९. अब, म आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेटका देहाय बमोजिमका प्राथमिकता तथा उद्देश्यहरु प्रस्तुत गर्दछु ।

**प्राथमिकताहरु :**

- कृषि, पर्यटन, घरेलु उद्योग र लघु उद्यम ।
- सामाजिक सुरक्षा र सामाजिक विकास ।
- सडक भवन तथा अन्य संरचना निर्माणमा गुणस्तरीय भौतिक पूर्वाधार ।
- विपद् व्यवस्थापन, वातावरण संरक्षण, जलवायु परिवर्तन असर न्युनीकरण ।
- शिक्षा, स्वास्थ्य, सीप क्षमता विकास मार्फत मानव संशाधन विकास ।
- प्रविधिमैत्री विद्यूतीय स्थानीय शासन
- लक्षित वर्ग सशक्तीकरण, सामाजिक न्याय र सामाजिक रुपान्तरण

**उद्देश्यहरु :**

- गाउँपालिकाको आवश्यकता, उपलब्ध स्रोत साधनको अधिकतम परिचालन गरी पालिकाको आवधिक विकास योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्ने ।
- आर्थिक, सामाजिक, सास्कृतिक तथा मानवीय विकासमा जोड दिने ।
- यातायात र पूर्वाधारको विकासका रणनीति अनुरुप सबै क्षेत्रमा विकास निर्माण अगाडि बढाउने ।
- सार्वजनिक खर्चलाई प्रभावकारी बनाई समष्टिगत आर्थिक स्थायीत्व कायम गर्ने ।
- पर्यटन, कृषि तथा पशु पालन, घरेलु उद्योग व्यवसायको माध्यमबाट रोजगारी सिर्जना गर्ने । ।
- जनताको प्रत्यक्ष संलग्लनतामा पूँजीगत निर्माणका योजना तथा कार्यक्रम संचालन गर्ने ।

- **<u>"समृद्ध मादी सुखी मादी बासी"</u>** को अवधारणालाई सार्थक तुल्याउने गरी दिगोविकास लक्ष्य अनुकुल योजना तथा कार्यक्रम कार्यान्वनय गर्ने ।

**१०. पालिकाको उद्देश्य हासिल गर्न देहायका सुधार प्रस्ताव पेश गरेको छु ।**

- जिम्मेवारी सार्नुपर्ने चालु आ.व.०७९/०८० का ठूला प्रकृतिका योजनालाई निरन्तरता दिने ।
- स्मार्ट तथा नगरउन्मुख गाउँपालिका निर्माण गर्ने विषयहरुलाई बाँकी ४ वर्ष निरन्तरता दिने ।
- जटिल प्रकृतिका अपाङ्ग र कडा मानसिक रोगीलाई दिइने थप आर्थिक सहायता तथा स्वास्थ्य उपचार कार्यक्रमकालाई निरन्तरता दिने ।
- वातावरणमैत्री, वालमैत्री, अपाङ्गमैत्री,महिलामैत्री स्थानीय शासनका विषयहरुलाई निरन्तरता दिने ।
- ठूला तथा वहुवर्षिय दिर्घकालीन गौरवका योजना निरन्तर सञ्चालन गर्ने ।
- साना तथा टुक्रे योजना कटौतीगरी नतिजामूलक योजनाछनौट र कार्यन्वयनमा जोड दिने ।
- हाल भैरहेको चालु खर्चमा १०% ले कटौती गरी पूजीगत वजेट वृद्धिगर्ने ।
- फोहोरमैला संकलन, ब्यबस्थापन तथा ल्याण्ड फिल्डसाईड निर्माण कार्य थालनी गर्ने ।
- लागत साझेदारीमा भवन निर्माण तथा सडक कालोपत्रे गर्ने विषयमा जोड दिने ।
- निर्माण व्यवसायी र उपभोक्ता समितिलाई जिम्मेवार बनाउने तथा कामै नगर्ने लाई कारवाही गर्ने ।
- सामुदायीक विद्यालयमा एक शिक्षक एक ल्यापटप कार्यक्रम सहित विद्यालय सुधारका विषय र पालिका भित्रका सामुदायीक १०+२ शिक्षा निशुल्क गर्ने विषयमा जोड दिने ।
- यातायात तथा सडक, पर्यटन पुर्वाधार जस्ता संरचनाको गुरुयोजना, निर्माण र कार्यन्वयनमा जोड दिने ।
- अति गरिव विपन्न आवास निर्माणमा जोड दिने ।
- जेष्ठ नागरिक र पूर्ण अपाङ्ग तथा कडा मानसिक रोगी स्वास्थ्य स्याहार, टोल टोल मा गएर उपचार गर्ने विषय तथा सुत्केरी गर्भवती भेटघाट गर्ने विषयलाई निरन्तरता गर्ने ।
- सवै लिफ्टिङ्ग खानेपानीको विधुत महशुल पुरै गाउँपालिकाले तिरिदिने तथा अति गरिवको लागी मिटरवक्श तथा मिटर खरीद अनुदान दिने विषय लाई निरन्तरता गर्ने ।
- ३/३ वा ६/६ महिनामा एकपटक आखा शिविर, स्वास्थ्य सिविर तथा घुम्ती सेवा विकट वस्तीमा प्रदान गर्ने ।
- गरिब, वेरोजगारी, विदेश पलायन र बसाइसराई निणन्त्रण गर्नको लागी एक घर एक व्यवसाय तथा साझेदारीमा युवा स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने विषय लाई जोड दिने ।
- केन्द्र सरकारको नीति अनुसार औधोगीक ग्राम, खेल मैदान, बसपार्क, हेलीप्याड आदि निर्माण सञ्चालन गर्ने विषय तथा प्रत्येक वडामा १ पार्क, १ पोखरी, १ खेलमैदान निर्माण कार्यलाई निरन्तरता दिने ।

- एक वडा एक उद्योग तथा एक वस्ती एक पकेट क्षेत्र निर्माणलाई निरन्तरता दिने ।
- १५शैया अस्पताल निर्माण, एम.वि.वि.एस डक्टर सहित प्रभावकारी उपचार थालनी गर्ने तथा सवै स्वास्थ्य सस्था र अस्पताल स्तरोन्नती गर्ने ।
- सुत्केरी, पूर्ण अपाङ्ग, जटिल मानसिक रोगी र अशक्त र ७० वर्ष माथीका जेष्ठ नागरीकलाई निःशुल्क एम्वुलेन्स सेवा निरन्तरता दिने ।
- अध्यक्ष र उपाध्क्षसँग जनता कार्यक्रम लगायत लक्षित, युवा स्वरोजगार, जस्ता कार्यक्रमलाई निरन्तरता दिने ।
- लागु औषध कुलतमा रहेका युवालाई कुलत त्याग गरेको पारिवारीक घोषणाका आधारमा केही उत्प्रेरीत कार्यक्रम सहित पोषण अनुदान दिने ।
- मानव शंशाधन विकास र उपयोगको लागि पालिका भित्रका विषय विज्ञे दक्ष जनशक्तीहरु सुचिकृत गर्ने तथा आंशिक रोजगार दिने ।
- गाउँपालिका सहित सवै वडामा स्तनपान कक्ष निर्माण सञ्चालन र उपयोगमा जोड दिने ।
- धर्मशाला, मानवमैत्री भवन तथा वृद्धआश्रम निर्माण सञ्चालन मा जोड दिने ।
- कार्यलय प्रयोजनको लागि गाउँपालिका प्रशासकिय भवन र ल्याण्ड फिल्ड साईडको लागि जग्गा प्राप्ती सहित सवै समस्या समाधान गर्ने ।
- संघ र प्रदेश सरकारबाट सञ्चालन हुने समपुरक अनुदान /विशेष अनुदान लगायतका अन्य योजना सहित गाउँपालिकाका सबै योजना समयमा नै कार्य थालनी गरी सम्पन्न गर्ने साथै वजेट फ्रिज हुन नदिने ।
- मर्मत सभार, विपद् व्यवस्थापन, समपुरक कोष, साझेदारी कोष आदिमा प्रर्याप्त वजेट व्यवस्थापन र परिचालन गर्ने ।
- अधुरा क्रमागत तथा अत्यावश्यक विकाश निर्माण तथा मानव शंशाधन विकाशमा जोड दिने ।
- अति गरीव विपन्न रोजगार तथा आयआर्जन कार्यक्रम र लक्षीत वर्ग कार्यक्रमका विषयहरु तथा टोलविकास सस्थालाई परिचालन, उपयोग र सशक्तिकरणका विषयमा जोड दिने ।
- अपुरा कानुन निर्माणका विषय, सहकारी प्रवर्द्धनका विषय, पुरातात्विक संरक्षण योजना, सूचना प्रविधि सञ्चार बिस्तारका विषयहरु, सम्मान पुरस्कारका विषय, पत्रकारिता विकासका विषय, दक्ष अदक्ष जनशक्ति निर्माण र प्रशिक्षणका विषय, समावेशी विकास, विषय लाई निरन्तरता दिने ।
- गै.स.स., सहकारी लगायत निजी क्षेत्रसगको साझेदारी तथा सार्वजनिक निजि साझेदारी कार्यक्रमका विषयमा जोड दिने ।
- प्रशासनिक संगठन संरचना सुधार, ओ एण्ड एम गरी दरवन्दी स्विकृत, ओभर स्टाफिङ नियन्त्रण मा जोड दिने ।
- सवै प्रकारका सुरक्षा रणनीति तथा सुशासन व्यवस्थापन मा जोड दिने ।
- पर्यटन पदमार्ग, होमस्टे पर्यटन प्रवर्द्धन कार्यक्रममा जोड दिने ।

- गुणस्तरीय स्वास्थ्य शिक्षाका कार्यक्रम तथा दिगो पुर्वाधार निर्माण मा जोड दिने ।
- स्थानीय तह स्व मुल्याङ्कन (लिजा) मा उल्लेखीत तथा वितिय शुशासन सम्बन्धी विषयहरु तथा गाउँपालिका, संघ र प्रदेशका आवधिक विकास योजना, दिगो विकास लक्ष्य, भिजन २१०० मा विषय केन्द्रीत विकाश मा जोड दिने ।
- सानो चुस्त प्रकारको पालिका प्रहरी सम्बन्धी नीति निर्माण तथा प्रहरी दरवन्दी र करार पदपुर्ति गर्ने ।
- व्यायामशाला, योगाकेन्द्र सहित वगैचा निर्माण र पालिका सुन्दरता वृद्रिध गर्ने विषयमा जोड दिने
- रासायनीक मलको आपुर्ति पुरा गर्नको लागी कोटा वृद्धि सगै अर्गानिक र कम्पोस्ट मल उत्पादनमा जोड दिने ।
- पदाधिकारी कर्मचारी क्षमता तथा सीप विकास कार्यहरु सञ्चालन गर्ने ।
- विगत तथा वर्तमानको वेरुजु अध्यन, संपरीक्षण, फछ्र्यौट तथा शुन्य वेरुजु कायम गर्नको लागि लेखासमिति र सरोकार शाखाप्रमुख लाई जिम्मेवार बनाउने ।
- लगत कट्टा नभएका सवै सडकको अभिलेख तयार गरी यथाशिघ्र लगत कट्टा गर्ने विषयमा जोड दिने ।
- एक घर एक धारा अभियान लाई सदाको लागी पूर्णता र दिगोपना गर्ने ।
- न्यायीक समितिको इजलास निर्माण तथा चुस्त न्यायीक निरुपणका विषय तथा मेलमिलाप कर्ताको क्षमता विकाशमा जोड दिने ।
- घर घरको तथ्याङ्क डिजिटलाईजेसन,/घर नक्शा डिजिटलाईजेशन /घर कायम तथा घर नक्शा पास कार्यलाई प्रभावकारी वनाउने ।
- प्राविधिक शाखाको लागि लेवल मेशीन लगायत ल्याव र आवश्यक ईक्युपमेन्टले सम्पन्न बनाउने ।
- सामुदायिक विद्यालयमा ५० प्रतिशत अनुदानमा बस खरिद तथा विद्यालय मर्ज , दरवन्दी मिलान लाई जोड दिने ।
- वास्तवीक भूमिहिनको पहिचान गरी भूमी आयोगका कार्य समयमा सम्पन्न गरी लालपुर्जा वितरण मा आयोगमा ताकेता गर्ने ।
- वार्षिक वजेटलाई लैगिक मैत्री, दिगो विकास मैत्री, सामाजीक समावेशीकरण मैत्री बनाउने गरी सूचकमा आधारीत वजेट निर्माण गर्ने ।
- भुमी वैंक स्थापना गरी बाँझो जग्गा गाउँपालिकाले लिजमा लिई वास्तवीक किसान लाई जग्गा लिजमा दिई उत्पादनशिल लगानी केन्द्रीत गर्ने साथै जग्गा चक्ला वन्दी गरी उत्पादन सहज तथा दोब्बवर वृद्धि गर्ने गरी जोड दिने ।
- क्षेत्रगत रुपमा विभिन्न व्यक्ती तथा संस्थालाई सम्मान र प्रोत्साहन गर्ने ।
- विधुतका काठेपोल विस्थापन, खरको छाना विस्थापन कार्यक्रम लाई पुर्णता दिने ।

- आन्तरीक आय क्षमता वृद्धि गर्नेगरी IEE गरी नदिजन्य पदार्थ, निकासी, खानीजन्य पदार्थ, नीजि जग्गा व्यवस्थापन अन्य आन्तरीक श्रोतको अधिक्तम रुपमा कानुन सम्मत परिचालन गर्ने ।
- एक मा.वि. एक उद्यम अर्थात पढदै कमाउदै कार्यक्रम कार्यन्वयन गर्ने साथै खेल शिक्षक , संङ्गित शिक्षक, एक विद्यालय १ नर्श, विद्यालय कम्पुटर मर्मत, प्रत्येक हप्ताको शुक्रवार नो वुक नो व्याग व्यवहारीक शिक्षा दिने साथै वावुआमा नभएका विद्यार्थि लाई छुट्टै प्रकृर्तिको छात्रावृर्ति दिने जस्ता कार्यमा जोड दिने ।
- हालसम्म निर्माण भएका सवै सडकको पक्कीनाला निर्माण सम्पन्न गर्ने गरी कार्य थालनी गर्ने
- गोरु संरक्षण र कमजोर किसान संरक्षण अन्तर्गत हलगोरु पाल्ने लाई अनुदान दिने ।
- उपभोक्ता र विक्रेता सचेतना कार्यक्रम सहित वजार अनुगमन र गणस्तरीय उपयोगमा जोड दिने
- मिल्दो भुगोल र सस्कृतिलाई ध्यान दिई भोगीनि सम्वन्ध कायम गर्ने विषयमा जोड दिने ।
- कृषि र पर्यटनलाई जोड दिने गरी कृषि एम्बुलेन्स सहित कृषि प्रविधि र पर्यटन प्रर्वद्धनमा लगानी बढाउने ।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

११. अब, म नेपालको संविधानको धारा ६० मा उल्लेखित व्यवस्था अनुसार मादी गाउँपालिकाको लागि आ.व. २०८०/०८१ मा वित्तीयहस्तान्तरण सम्बन्धी विवरण देहाय बमोजिम प्रस्तुत गर्न चाहान्छु ।

- संघीय सकार वित्तीय समानीकरण रु. ८ करोड ५० लाख
- संघीय सरकार सर्शत अनुदान चालु रु. २३ करोड ६१ लाख
- संघीय सरकार सर्शत अनुदान पूजीगत रु. १ करोड ०६ लाख
- संघीय सरकार विशेष अनुदान रु. १ करोड ५० लाख
- संघीय सकार समपुरक अनुदान रु. १ करोड ६० लाख
- संघीय सरकार (अन्य पूँजीगत) अनुदान रु. १ करोड ६० लाख
- संघीय सरकार बाँडफाँड प्राप्त राजश्व रु . ९ करोड ८३ लाख ३८ हजार ३ सय
- बाँडफाँड भई प्राप्त हुने विद्युत रोयल्टी रु. १ करोड
- बाँडफाँड भई प्राप्त हुने पर्वतारोहण रोयल्टी रु. ४ लाख ५० हजार
- बाँडफाँड भई प्राप्त हुने वन रोयल्टी रु. २५ हजार
- गण्डकी प्रदेश सरकार वित्तीय समानीकरण रु . १ करोड ०५ लाख २७ हजार
- गण्डकी प्रदेश सरकार विशेष अनुदान रु. २५ लाख
- गण्डकी प्रदेश सरकार समपुरक अनुदान रु. ६० लाख
- गण्डकी प्रदेश सरकार सशर्त अनुदान रु. २५ लाख
- गण्डकी प्रदेश सरकार राजश्व बाँडफाँड रु . ९० लाख २४ हजार
- पि.एल.जी.एस.पि. तथा अन्य सर्शत अनुदान चालु कार्यक्रम रु. ८ लाख ५० हजार

- सडक वोर्ड अनुदान रु ३० लाख
- आन्तरिक, आय रोयल्टी घरजग्गा रजिष्ट्रयशन समेत रु. २ करोड ३९ लाख ४० हजार
- सामाजिक सुरक्षा भत्ता रु. १८ करोड ५० लाख (गाउँपालिकाको संचितकोषमा प्राप्त नहुने)

१२. चालु आर्थिक वर्षको सामाजिक सुरक्षा सहितको प्रस्तावित अनुमान रु. ८९ करोड ७६ लाख ६ सय ९४ रुपैयाँ ३२ पैसा पेश गरिएकोमा हालसम्मको संशोधित अनुमान रु. ७७ करोड ७५ लाख ७४ हजार ४ सय ८४ रुपैया ६२ पैसा रहेको छ । आर्थिक वर्ष २०८०/०८१ मा ८८ करोड ८२ लाख ०४ हजार रुपैयाँ प्रस्ताव गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

**१३. अब, म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न चाहन्छु ।**

- आर्थिक विकास तर्फ रु . ६ करोड ३० लाख ५८ हजार
- सामाजिक विकास तर्फ रु . ४९ करोड ९९ लाख १५ हजार
- पूर्वाधार विकास तर्फ रु. १७ करोड ४१ लाख १५ हजार
- वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. १ लाख २७ लाख ९५ हजार
- सुशासन तथा संस्थागत विकास तर्फ रु. १३ करोड ८३ लाख २१ हजार

**श्रद्धेय सभाध्यक्ष ज्यू,**

**अब, म आगामी आर्थिक वर्षको बजेटको मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१४. <u>आर्थिक विकास :</u> आर्थिक विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. ६ करोड ३० लाख ५८ हजार प्रस्ताव गरेको छु :

- नयाँ नयाँ प्रविधिको प्रयोग गरी कृषि क्षेत्रमा आधुनिकीकरण तथा यान्त्रीकरण गर्न कृषि प्रविधि हस्तान्तरण अन्तर्गत औजार उपकरमा अनुदान र तालिमको लागि रु. २९ लाख विनियोजन गरेको छु ।
- कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिमा जोड दिन साझेदारीमा सिंचाई पूर्वाधार निर्माण र सिंचाई पाइप खरिद गर्न रु. ३५ लाख बजेट विनियोजन गरेको छु । साथै अन्य साना सिंचाई योजना संचालन गर्न रु. ११ लाख खर्च हुने व्यवस्था मिलाएको छु ।
- मादीमा उत्पादनहुने गुन्द्रुक तथा सिन्कीको प्रवर्द्धनको लागि आवश्यक  बजेट व्यवस्था गरेको छु ।
- अध्यक्षसंग उत्पादनमा अनुदान कार्यक्रमलाई निरन्तरता दिंदै पशु तथा कृषि जन्य उत्पादनमा अनुदान उपलब्ध गराउनका लागि रु. २० लाख विनियोजन गरेको छु ।जसबाट भैंसी गाई र बाख्रा सुत्केरी भत्ता सहित सहकारी मार्फत विक्री गर्नेलाई दुध र अण्डामा अनुदान आदी प्रदान गरिने छ ।

- मादी गाउँपालिकाको कृषि तथा पशुपालनको सम्भावनालाई उजागार गर्न कृषि तथा पशुपालनको तथ्याङ्क संकलन गरी प्रतिवेदन तयार पार्न बजेटको व्यवस्था मिलाएको छु ।
- हलगोरु पालेर खेती किसान गरेका कृषकहरुको मनोवल उच्च बनाइ राख्न हलगोरुमा अनुदान दिने व्यवस्थाको लागि बजेट विनियोजन गरेको छु ।
- लामो समयदेखि बाँझो रहेको जमिनलाई पुनः उत्पादनमा लैजाने गरी कृषकलाई प्रोत्साहनको व्यवस्था गरेको छु ।
- कृषकले उत्पादन गरेको कृषि उपजको संकलन र विक्री वितरणको लागि कृषि एम्वुलेन्सको व्यवस्था मिलाएको छु ।
- गाउँपालिकाको उपल्लो भागमा रहेका खर्कहरुमा आलु तथा साग खेती गर्नको लागि बजेटको व्यवस्था मिलाएको छु । भने आलु र लसुन पकेट कार्यक्रम संचालनको लागि बजेट व्यवस्था गरेको छु ।
- कृषकहरुलाई प्रोत्साहन गर्न कृषिवाली तथा पशुको बीमामा अनुदानको लागि बजेटको व्यवस्था मिलाएको छु ।
- मादी गाउँपालिका भित्रका कृषि उपज (विउ, फलफुल, तरकारी, दुध लगायत) को संरक्षणको लागि वडा नं. ६ को तप्राङ र वडा नं. १२ को भगवतीटारमा चिस्यान केन्द्र (कोल्ड स्टोर) स्थापनाको लागि रु. १ करोड ५० लाख बजेट विनियोजन गरेको छु ।
- पशु पन्छीमा समय समयमा देखिने महामारीबाट हुन सक्ने ठूलो क्षतिलाई न्यूनीकरण गर्न पशु महामारी रोग नियन्त्रण तथा घुम्ती परजीवि नियन्त्रण, पशु रोग पहिचान तथा निदानको लागि आधारभूत प्रयोगशाला स्थापनाको लागि बजेट व्यवस्था मिलाएको छु ।
- बाख्रा तथा भैसीको नश्ल सुधार गर्न अनुदानमा उन्नत नश्लका बोका तथा राँगा खरिद गर्न रु. १० लाख बजेट विनियोजन गरेको छु ।
- गरीब, वेरोजगार, विदेश पलायन र बसाईसराई निणन्त्रण गर्नको लागि एक घर एक व्यवसाय तथा साझेदारीमा युवा स्वरोजगार कार्यक्रम सञ्चालन आवश्यक बजेट विनियोजन गरेको छु ।
- गण्डकी प्रदेश सरकारसँगको सहकार्यमा लम्तरी धार्मिक क्षेत्र पर्यटन पूर्वाधार योजनालाई निरन्तरता दिएको छु ।
- पालिकाको लामाखेत- थाक- ताराहिल- कुहुपुचे पर्यटन पदमार्ग निर्माणको लागि रु. २५ लाख बजेट व्यवस्था मिलाएको छु ।
- मादी गाउँपालिकाको पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन, आवश्यक पूर्वाधार विकास तथा प्रवर्द्धनको लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु ।
- पालिका भित्रका सहकारी सुधार तथा व्यवस्थापनको लागि रु. १० लाख बजेटको व्यवस्था मिलाएको छु ।

- लघु उद्यम विकास मेडपा कार्यक्रमसँग साझेदारी गरी घरेलु उद्यमको विकासको लागि बजेट व्यवस्था गरेको छ ।
- वडा स्तरीय सबै पूर्वाधारको लागि वडाको शिलिङ मार्फत बजेट व्यवस्था गरेको छ ।

१४. **<u>सामाजिक विकास :</u>** सामाजिक विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. ४९ करोड ९९ लाख १५ हजार प्रस्ताव गरेको छ :

- जेष्ठ नागरिक, महिला, बालबालिका तथा अपाङ्गसंग सम्बन्धित विभिन्न कार्यक्रम संचालनको लागि उपाध्यक्षसँग लक्षित कार्यक्रम अन्तर्गत रु. २५ लाख बजेट विनियोजन गरेको छ ।
- महिला स्वास्थ्य स्वंय सेविका प्रोत्साहन तथा अन्य कार्यक्रमको लागि थप रु. ३ लाख बजेट विनियोजन गरेको छ ।
- नागरिकहरु माझ गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँच, नसर्ने रोगहरुको पहिचान तथा नियन्त्रण, को लागि विभिन्न स्वास्थ्य शिविरहरु संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छ ।
- लागु औषध दुर्व्यसनीमा फसेका युवाहरुलाई दुर्व्यसनबाट मुक्त गर्नको पोषण तथा उत्प्रेरण कार्यक्रमको लागि बजेटको व्यवस्था गरेको छ ।
- कडा मानसिक रोगी स्वास्थ्य उपचारको लागि गैह्र सरकारी संस्थासंगको साझेदारीमा कार्यक्रम संचालनको लागि बजेट व्यवस्था गरेको छ ।
- मुटु रोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी तथा सिकलेस एनिमियाको उपचार गर्नुपर्ने विरामीहरुको लागि उपलब्ध गराउँदै आएको असाध्य रोग आर्थिक सहायतालाई निरन्तरता दिएको छ ।
- सुत्केरी, जेष्ठनागरिक, पूर्ण अपाङ्ग लगायतका लक्षित वर्गलाई निःशुल्क एम्बुलेन्स सेवा निरन्तरताको लागि बजेटको व्यवस्था गरेको छ ।
- मेला पर्व संस्कृति संरक्षण तथा प्रवर्धनको लागि बजेटको व्यवस्था मिलाएको छ।
- गाउँपालिका स्तरीय खेल ग्राम निर्माण कार्यलाई निरन्तरता संघीय सरकारसंग साझेदारीमा पूर्वाधार निर्माण हुने गरी रु. ३० लाख बजेट विनियोजन गरेको छ । साथै निर्माणाधीन ताङ्तिङ खेलमैदान याङ्जाकोट खेलमैदान खिलाङ खेलमैदान र मगरगाउँ खेलमैदानलाई अन्य पूर्वधार मर्मतबाट निर्माण हुने व्यवस्था मिलाएको छ र अन्य साना खेलमैदान निर्माण गर्ने कार्यलाई निरन्तरता दिएको छ ।
- संघीय सरकार तथा प्रदेश सरकारको विशेष अनुदानबाट निर्माण कार्यशुरु भएका नामार्जुङ, सैमराङ र भाचोक स्वास्थ्य चौकी भवन निर्माण कार्य सम्पन्न गर्नको लागि बजेट व्यवस्था गरेको छ ।
- १५ शैयाको आधारभूत अस्पतालको स्वास्थ्य सेवा प्रारम्भ गर्नको लागि रु. १५ लाख बजेट विनियोजन गरेको छ ।

- कम्प्युटरलाई शिक्षण सिकाईको माध्यम बनाउन सामुदायिक विद्यालयमा प्रयोगविहीन अवस्थामा रहेका कम्प्युटर, प्रिन्टरहरुको मर्मत सुधार गरी प्रयोगमा ल्याउनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- सामुदायिक विद्यालयलाई ५० प्रतिशत बस खरिद अनुदान, एक शिक्षक एक ल्यापटप, दिवा खाजा थप अनुदान, दिवा खाजा भाडाँ वितरण, पढ्दै पढाउँदै कार्यक्रम र जीर्ण विद्यालय भवन मर्मत जस्ता कार्यक्रमलाई उच्च प्राथमिकता दिई बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयमा संचालित (१०+२) मा पढ्ने विद्यार्थीलाई पूर्ण छात्रवृति दिनको लागि बजेटको व्यवस्था गरेको छु ।
- वास प्लान अन्तर्गत एक घर एक धारा खानेपानी योजना निर्माण सुधार तथा विभिन्न साना खानेपानी पूर्वाधार सुधारको लागि बजेट रु. ५९ लाख विनियोजन गरेको छु ।
- राष्ट्रपति रनिङ्ग शिल्ड र अध्यक्षकप खेलकुद प्रतियोगिता तथा विभिन्न खेलकुदसंग सम्बन्धित कार्यको लागि रु. २० लाख बजेट विनियोजग गरेको छु ।
- युवा जनशक्तीलाई पलाएन हुन नदिन, उद्यमशीलता विकास गर्न, विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमको साथसाथै युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- शिक्षा, स्वास्थ्य, खानेपानी पूर्वाधार निर्माणमा प्राप्त हुने सशर्त अनुदानको रकम सोही बमोजिम खर्च हुने गरी प्रस्ताव गरेको छु ।
- अध्यक्षसँग विदुर कार्यक्रम अन्तर्गत (६० वर्षदिख माथि ६८ वर्षसम्मका) विपन्न विदुरहरुको सामाजिक सुरक्षाको लागि मासिक भत्ता उपलब्ध गराउन बजेट विनियोजन गरेको छु ।
- दैनिक जीवनयापनको लागि अति आवश्यक पर्ने व्यवाहरिक सीप सिकाउन एक विद्यालय एक उत्पादन र नो बुक नो व्याग कार्यक्रमको लागि बजेटको व्यवस्था मिलाएको छु ।
- अति गरिव विपन्न आवास निर्माण अन्तर्गत आ.व. २०८०/०८१ मा २ वटा घर साझेदारीमा निर्माण गर्ने गरी रु. २४ लाख बजेट विनियोजन गरेको छु ।
- सामाजिक सुरक्षा भत्ता तोकिए बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु ।
- वडा स्तरीय सामाजिक क्षेत्रका कार्यका लागि वडाको शिलिङ मार्फत बजेट व्यवस्था गरेको छु ।

१५. <u>पूर्वाधार विकास :</u> पूर्वाधार विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १७ करोड ४१ लाख १५ हजार प्रस्ताव गरेको छु :

- गाउँपालिका भित्र निर्माण गरी सकिएका तथा नयाँ ट्र्याक खोल्न आवश्यक भएका सडकहरुको पहिचान गर्न एकीकृत सडक गुरुयोजना तयार पार्न अति आवश्यक भएकोले सो कार्यकालागि बजेटको व्यवस्था मिलाएको छु ।

- संघीय सरकार र प्रदेश सरकार समपुरक साझेदारीमा सडक निर्माणको लागि रु. २ करोड २० लाख विनियोजन गरेको छु ।
- सबै टोल बस्तीमा यातायातको सहज पहुँच सुनिश्चितता, रणनीतिक सडकको विस्तार तथा सडक मर्मत सुधार गर्ने साथै विभिन्न गोरेटोबाटो सुधार कार्यको लागि रु. ६ करोड ४९ लाख बजेट विनियोजन गरेको छु ।
- संघीय सरकार तथा गण्डकी प्रदेश सरकार, जिल्ला समन्वय समिति, विभिन्न संघ संस्था, दातृ निकायसँग समपूरक, साझेदारीमा पूर्वाधार विकास तथा मर्मत सुधार कार्यक गर्नका लागि बजेटको व्यवस्था मिलाएको छु ।
- विद्युत लाइन विस्तार गर्ने तथा विद्युत लाइन सुधार गर्ने कार्यको लागि बजेट विनियोजन गरेको छु।
- सर्शत अनुदान तर्फ प्राप्त झोलुङ्गे पुल निर्माण, वैकल्पिक उर्जा प्रवर्धनको लागि प्राप्त बजेट सोही बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु।
- मादी गाउँपालिकालाई स्मार्ट तथा नगर उन्मुख गाउँपालिका बनाउनको लागि आवश्यक न्युनतम पूर्वाधार सुधार सम्बन्धी काम गर्न रु. २० लाख बजेट विनियोजन गरेको छु ।
- सडक लगायत ठूला पूर्वाधारको विस्तृत परियोजना प्रस्ताव र IEE को लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- वडा नं. १० को वडा कार्यालय भवन गाउँपालिका वहुउद्देश्यिय भवन निर्माण र गाउँपालिका जग्गा व्यवस्थाको लागि बजेट व्यवस्था गरेको छु ।
- गाउँपालिकाबाट अन्यन्त्र बसाईसराई गरी गएका पुनः गाउँपालिका फर्की बसोवास गर्न चाहाने नागरिकहरुको लागि आवास निर्माणमा रु. १ लाखका दरले अनुदान दिनको लागि वजेटको व्यवस्था गरेको छु ।
- वडा स्तरीय सबै पूर्वाधारको लागि वडाको शिलिङ मार्फत बजेट व्यवस्था गरेको छु ।

१६. **<u>सुशासन तथा संस्थागत विकास :</u>** सुशासन तथा संस्थागत विकास क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १३ करोड ८३ लाख २१ हजार प्रस्ताव गरेको छु :

- गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगतबाट प्रदान हुने नियमित सेवा प्रवाहलाई गुणस्तरीय, प्रभावकारी, जनमैत्री सूचना प्रविधिमैत्री बनाई कार्यसंचालनमा प्रभावकारिता ल्याउने गरी प्रशासनीक तथा क्षमता विसकास सम्बन्धी विभिन्न कार्यरम चालु खर्च तर्फ रु. १२ करोड ७८ लाख र पूँजीगत तर्फ रु. १ करोड ०५ लाख बजेट विनियोजन गरेको छु ।
- सुशासन तथा पारदर्शिता कायम गर्न सार्वजानिक सुनुवाई, सार्वजानिक परीक्षण, योजनाको प्रभाव असर मूल्यांकन, परामर्श सेवा, कानुन निर्माण, सूचना तथा सञ्चार जस्ता शीर्षकमा खर्च गर्न बजेट विनियोजन गरेको छु ।

- गाउँपालिकाको राजश्व चुहावट नियन्त्रण तथा चोरी निकासी नियन्त्रण जस्ता कार्यको लागि गाउँपालिका प्रहरी स्थापनाको लागि आवश्यक बजेट व्यवस्था गरेको छ ।
- पालिकाको १२ वटै वडा स्तरमा गई स्थानीय सरकारको उपस्थिति देखाउन, सुशासन तथा सेवा प्रवाहलाई नगरिकको घरदैलोसम्म पुऱ्याउनको लागि अध्यक्ष र उपाध्यक्षसँग जनता कार्यक्रमबाट एकीकृत घुम्ती शिविर लगायतका कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था मिलाएको छ ।
- प्रत्येक महिनाको अत्यमा मासिक प्रगति समिक्षा सहित पत्रकार भेटघाटको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- पदाधिकारी कर्मचारी क्षमता विकास कार्यक्रम डिजिटल नागरिक वडापत्र घर-घरको डिजिटलाईजेशन र विभिन्न सफ्टवयर निर्माण तथा नवीकरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

१७. **<u>वन वातावरण तथा विपद् व्यवस्थापन :</u>** वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा देहाय बमोजिम खर्च गर्ने गरी रु. १ करोड २७ लाख ९५ हजार बजेट प्रस्ताव गरेको छ :

- प्रकोप रोकथाम, नियन्त्रण तथा व्यवस्थापन र अन्य सवै प्रकारका विपद् व्यवस्थापन कार्यमा खर्च गर्ने गरी प्रकोप व्यवस्थापन कोषमा रु ३० लाख बजेट विनियोजन गरेको छ । भने विगत देखि बाँकी रहेको कोष रकम समेत यसैमा खर्च हुने व्यवस्था मिलाएको छ ।
- पालिका भित्रबाट उत्सर्जन हुने नकुहिने फोहोरमैला व्यवस्थापनको लागि तत्काल ढुवानी गर्ने व्यवस्था र दीर्घकालमा आफ्नै ल्याण्डफिल्ड साइट निर्माण गर्ने गरी आवश्यक जग्गा व्यवस्थापन गर्न रु. ३० लाख बजेट विनियोजन गरेको छ ।
- मनसुनजन्य विपद् प्रभावितको आवास निर्माणमा साझेदारी बजेट विनियोजन गरेको छ ।
- मादी गाउँपालिका भित्रको प्रकोप व्यवस्थापन सम्बन्धी कार्यको लागि विपद् जन्य जोखिम क्षेत्रको नक्सङ्कनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- मादी नदीमा जलमापन केन्द्र स्थापना, विपद् व्यवस्थापन सम्वन्धी अभिमूखीकरण, भू—क्षय नियन्त्रण, नदी कटान नियन्त्रण र तटबन्ध, शौचालय निर्माण, सरसरफाई तथा वातावरण संरक्षण जस्ता कार्यको लागि रु. ६७ लाख विनियोजन गरेको छ ।

१८. **राजश्व तथा न्यून बजेट पूर्ति तर्फ :** आर्थिक वर्ष २०८०/०८१ को लागि प्रस्तावित रकम खर्च गर्न संघीय र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, सम्पत्तीकर, व्यवसाय दर्ता तथा नवीकरण शुल्क, दस्तुर आदिबाट प्राप्त हने आय, ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदी जन्य तथा खानी जन्य पदार्थ विक्री वितरणबाट प्राप्त हुने आम्दानी, घरजग्गा रजिष्ट्रशनबाट प्राप्त हुने आम्दानी बाँडफाँडबाट प्राप्त हुने विद्यूत् तथा बन रोयल्टीका साथै चालु आर्थिक वर्षको संचित रकम (अल्या) को समेत विश्लेषण गर्दा पेश भएको व्यय अनुमान आय अनुमान ८ करोड २८ लाख ४९ हजार ७ सय रुपैयाँले बढी रहेको छ । यसरी पेश भएको बजेटको घाट पूर्तिको लागि थप आन्तरीक आम्दानीको स्रोतहरु

खोजी गर्ने, राजश्व चुहावट हुन नदिन, जलवायु परिवर्तनिय असरबाट नेपाल सरकारले प्राप्त गर्ने रकमबाट यस पालिकाको लागि अनुदान रकम माग गर्ने र घाटा बजेटको परिपूर्ति गर्ने गरी यो बजेट पेश गरेको छु । घाटा बजेट पुर्ति नसक्ने अवस्था सृजना भएमा पौषको हिउँदे सभाबाट क्षेत्रगत बजेट औषतमा कटौती गरिने छ । साथै आय—व्यय विवरण र विभिन्न विषयगत क्षेत्रमा खर्च गर्ने गरी प्रस्तावित समग्र योजना, कार्यक्रम तथा बजेटको विवरण शीर्षकगत रुपमा छुट्टा-छुट्टै पेश गरेको छु ।

१९. आर्थिक वर्ष २०८०/०८१ को आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० यसै साथ प्रस्तुत गरेको छु ।

**श्रद्धेय सभाध्यक्ष ज्यू,**


२०. कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थहरुलाई मनन गर्दै बजेट तयार गर्दा सवै क्षेत्रहरुलाई समेट्ने प्रयास गरेको छु । यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नेछ भन्ने विश्वास लिएको छु । गाउँपालिकालाई प्राप्त स्रोत साधनलाई अधिकतम उपयोग गर्ने गरी योजना तथा कार्यक्रमहरुमा बाँडफाँडको व्यवस्था मिलाई सोही अनुसार बजेट विनियोजन गरिएको छ । बजेटले लिएको उदेश्य प्राप्तिको लागि प्रभावकारी कार्यन्वयन एंव अनुगमन मूल्यांकन हुन जरुरी हुन्छ, यसका साथै संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यक्रमहरु समेत आवश्यक पर्न जान्छ । उपयुक्त बजेट कार्यन्वयनमा सदाझैं सम्पूर्ण पालिका वासी एवं संवद्ध सवै पक्षहरुवाट सहयोग, सल्लाह रचनात्मक सुझाव एवं सृजनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएको छु ।


२१. अन्त्यमा, प्रस्तुत बजेट तर्जुमाका विभिन्न चरणहरुमा सहभागी भई प्रत्यक्ष वा परोक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्ण गाउँपालिका वासी आम नागरिकहरुमा धन्यवाद दिन चाहान्छु । बजेट तर्जुमाको सिलसिलामा हर बखत अमूल्य सुझाव दिई सहयोग गर्नुहुने सम्पूर्ण श्रद्धेय गाउँपालिकाका अध्यक्ष ज्यू, कार्यपालिका तथा सभाका सदस्यज्यूहरु, गाउँपालिका स्थित राजनैतिक दलका पदाधिकारी ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत एवं राष्ट्र सेवक कर्मचारीहरु लगायत सवै पक्षको विकासप्रतिको एकता, सम्वेदनशीलता, क्षेत्रगत सूचनाको जानकारी एंव सवै निर्वाचित पदाधिकारी वीच रहेको उच्चस्तरीय समन्वय, सहकार्य र सहभागिता हाम्रो लागि अत्यन्त महत्वपूर्ण रह्यो, यसप्रति सवैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । पुनः विगत वर्षबाट यस गाउँपालिकाले लिएका दीर्घकालिन नीति कार्यक्रम तथा वजेट र आगामी आ.व.को लागि प्रस्तावित नीति कार्यक्रम तथा वजेट प्रभावकारी रुपमा कार्यन्वयन हुन सकेमा मादी गाउँपालिकाको भौतिक पूर्वाधार लागयत आर्थिक, सामाजिक, सास्कृतिक एवं मानवीय विकासका क्षेत्रमा सकारात्क प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यन्वयनका लागि सम्वद्ध सवै पक्षहरुबाट सदाझै सहयोग प्राप्त हुने अपेक्षा लिएको छु ।

कल्पना गुरुङ
उपाध्यक्ष

धन्यवाद

जय मादी !





मादी गाउंपालिका
वडा विभाजन
मनाङ जिल्ला
(चामे र नेस्याङ गाउपालिका)
माछापुच्छ्रे गाउपालिका
लमजुङ जिल्लाक
(क्होलासोंथर र मर्स्याङदी गाउपालिका)
पोखरा महानगरपालिका
रुपा गाउपालिका
सिक्लेस
ताङतीङ
तप्राङ
खर्तेडांडा
याङजाकोट
तारकाङ
चितेपानी
खिमाजी
ढोडेनी
चौतारीडांडा
गोर्जे
अलैचें
संकेत
गापा सीमाना
वडा सीमाना
वडा नम्बर
N
3.5 1.75 0 3.5 Km.

# अनुसूची-१

मादी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०८०

गाउँसभामा पेश भएको मिति : २०८०/०३/१०

प्रस्तावनाः मादी गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम मादी गाउँ सभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “मादी गाउँपालिकाको विनियोजन ऐन, २०८०” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

(१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. ८८ करोड ८२ लाख ०४ हजार** पैसा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त मादी गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए ता पनि कार्यपालिका, वडा समितिले र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ बमोजिम कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधीन रही कुनै शीर्षकबाट पूँजिगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्नेछ, सो भन्दा बढी रकमको रकमान्तर वा शीर्षकान्तर गर्नु परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूची-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

गाउँपालिका तथा वडा समिति सबैको

| क्र.स. | विषय क्षेत्रगत विवरण | पुँजिगत | चालु | जम्मा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२२५०००० | ३०८०८००० | ६३०५८००० |
| २ | सामाजिक विकास | ४४७४६००० | ४५५१६९००० | ४९९९१५००० |
| ३ | पुर्वाधार विकास | १७४११५००० | ० | १७४११५००० |
| ४ | वातावरण र विपद् व्यवस्थापन | ७७९५००० | ५०००००० | १२७९५००० |
| ५ | सुशासन तथा संस्थागत विकास | १०५००००० | १२७८२१००० | १३८३२१००० |
| | जम्मा | २६९४०६००० | ६१८७९८००० | ८८८२०४००० |

**अनुसूची-२**

**वडा कार्यालय तथा विषयगत समिति बजेट सीमा**

| क्र.स. | वडा कार्यालय/ विषयगत शाखा | बजेट सीमा | कैफियत |
|---|---|---|---|
| १ | १ र ८ | ५५००००० | |
| २ | २, ३, ४, ५, ६, ७, १०, ११ र १२ | ५०००००० | |
| ३ | ९ | ५३००००० | |
| ४ | स्वाथ्य शाखा | ८५००००० | |
| ५ | शिक्षा शाखा | १७५००००० | |
| ६ | कृषि विकास शाख | ७५००००० | |
| ७ | पशु सेवा शाखा | ४०००००० | |
| ८ | वन वातावरण र विपद् व्यवस्थापन | ५०००००० | |